# सुनवल नगरपालकाको आर्थिक ऐन २०७७ लाई संसोधन गर्न बनेको आर्थिक (प्रथम संशोधन) विद्येयक, २०७७

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आर्थिक ऐन २०७७ लाई संसोधन गर्न बनेको आर्थिक ( प्रथम संशोधन) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक ऐन २०७७ को दफा १३ मा संशोधन** :आर्थिक ऐन २०७७ (यस पछि मूल ऐन भनिएको) को दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ ।

१३. **यसै ऐन वमोजिम भएको मानिने** : चालु आ.व.मा यससंग सम्बन्धित भएका कामहरुयसै ऐन बमोजिम भएको मानिनेछ ।

३. **मूल ऐनको दफा ८ पछि दफा ८क थप** :मूल ऐनको दफा ८ पछि देहायको दफा ८क थप गरिएको छ

८क. अन्यवस्थित जग्गा न्यवस्थापन प्रयोजनका लागि सम्पति मुल्यांकन सिफारिस गर्दा अनुसुची-१० बमोजिमक सिफारिस दस्तुर कायम गरि मूल्यांकन सिफारिस गर्नुपर्नेछ ।

४. **मूल ऐनको दफा १० मा संशोधन** : मूल ऐनको दफा १०को (क) मा रहेको १५ प्रतिशत भन्ने शन्दको सट्टा २० प्रतिशत राखिएको छ ।

५. **आर्थिक ऐन २०७७ को दफा १३ मा संशोधन** : आर्थिक ऐन २०७७ (यस पछि मूल ऐन भनिएको) को दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ ।

६. **अनुसुची ४ मा थप** : अनसुची ४ मा देहायका शिर्षक र दर थप गरिएको छ ।

| क्र स | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | क्रेशर उद्योग | ३0,0000।00 | |
| २ | स्क्रिन प्लान्ट | १0,0000।00 | |
| ३ | बालुवा प्रसोधन केन्द्र | १0,0000।00 | |

**७.अनुसुची १० थप** :अनुसुची ८ पछि देहायको अनुसुची १० थप गरिएको छ :

अनुसूची १०

(दफा ८क संग सम्वन्धित)

| क्र स | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | २५ लाख सम्मको सम्पति मुल्यांकनमा | ५00।00 | |
| २ | २५ लाख देखि ५0 लाख सम्मको सम्पति मुल्यांकनमा | १000।00 | |

| | | | |
|---|---|---|---|
| ३ | ५० लाख भन्दा माथिको सम्पति मुल्यांकनमा | १५००।०० | |